राष्ट्रियता ★ लोकतन्त्र ★ समाजवाद ★ आदिवासी एकता ★

# नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको

## विधान-२०७९



सहयोग: रु ५०/-

# नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको
## विधान–२०७९

**प्रस्तावनाः**

राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्शप्रति आफ्नो स्थापनाकालदेखि नै निरन्तर प्रतिवद्ध पार्टी नेपाली कांग्रेसको नेतृत्वमा मात्र मुलुकमा ऐतिहासिक, राजनीतिक, सामाजिक र आर्थिक क्रान्ती, परिवर्तन र रुपान्तरण भएको र समानुपातिक समावेशी सिद्धान्तको प्रर्वतक नेपाली काँग्रेस पार्टीले नेपालमा रहेका सबै प्रकारका विभेद अन्त्य गरी समय सापेक्षा परिवर्तन र समृद्धिका लागि वि.सं.२००७ साल, वि.सं. २०४६ साल र वि.सं. २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनमा प्रमुख नेतृत्व गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, हालसम्मका ऐतिहासिक उपलब्धीहरु प्राप्तीका लागि आफ्नो जीवन बलिदानी गर्ने प्रथम सहिद लखन थापामगर सहित सम्पूर्ण बीर शहिदहरु प्रति हार्दिक सम्मान ब्यक्त गर्दै,

वि.स. २०७२ सालमा जारी नेपालको संविधानमा ब्यवस्था गरिएको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधतामा एकताका साथ जातिय सद्भाव तथा सामाजिक, सांस्कृतिक ऐक्यबद्धता र सद्भावलाई कायम राखी आदिवासी जनजातिहरुको अधिकारलाई सुनिश्चित गर्न लोकतन्त्रमा मात्रै सम्भव हुने यथार्थतालाई आत्मसात गर्दै,

राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति आस्था, विश्वास र प्रतिबद्ध सम्पूर्ण आदिवासी जनजातिहरूलाई सु-सूचित र संगठित गर्न बि.सं २०५५ सालमा स्थापना भएको नेपाल आदिवासी जनजाति संघलाई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०७९/०४/०२ गतेको बैठकले "नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ" मा रुपान्तरण गर्ने र आदिवासी जनजाति अन्तर्गत रहेका सबै जात, जातीका संगठित संघहरुलाई महासंघ अन्तर्गत आवद्ध संघको रुपमा स्थापित गर्ने निर्णय गरे बमोजिम, यो नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको विधान-२०७९ जारी गरी लागू गरिएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१) महासंघको नाम र प्रारम्भः**

क) यस महासंघको नाम **"नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ"** रहनेछ । यसलाई अंग्रेजीमा **Nepal Democratic Federation of Indigenous Nationalities** र छोटकरीमा **(NEDFIN)** भनिनेछ ।

ख) यस विधानको नाम "नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको विधान २०७९" रहने छ ।

ग) यो विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको मिति २०७९/०४/०२ गतेको बैठकको निर्णयबाट स्वीकृत भई लागू भएको छ ।



CamScanner

घ) नेपाली काँग्रेस पार्टीको भातृ संघको रुपमा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ रहनेछ ।

ङ) यस विधानको पालना गर्नु प्रत्येक सदस्यहरुको कर्तव्य हुनेछ ।

२) परिभाषा, विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधानमा:

क) "आदिवासी जनजाति" भन्नाले आफ्नो मौलिक पुर्ख्यौली मातृ भाषा, कला-संस्कृति, परम्परा, चालचलन, रितिरिवाज, भौगोलिक थातथलो एवं लिखित वा अलिखित इतिहास भएका नेपाल सरकारद्धारा सूचिकृत यस विधानको अनुसूचि-१ मा उल्लेखित आदिवासी जनजाति समुदायलाई बुझाउनेछ ।

ख) "विधान" भन्नाले "नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ"को विधान २०७९ लाई बुझाउने छ ।

ग) "महासंघ" भन्नाले नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघलाई बुझाउनेछ ।

घ) "पार्टी" भन्नाले नेपाली काँग्रेस पार्टीलाई बुझाउने छ ।

ङ) "सदस्यता" भन्नाले महासंघको सदस्यता र यस विधान बमोजिमका आवद्ध संघको सदस्यतालाई बुझाउनेछ ।

च) "सदस्य" भन्नाले कार्य समितिका सदस्य एवं संघका सदस्यता प्राप्त व्यक्ति समेतलाई बुझाउनेछ ।

छ) "आवद्ध संघ" भन्नाले महासंघ अन्तर्गत आवद्ध अनुसूची १ मा उल्लेखित आदिवासी जनजातिका संगठित संघहरुलाई बुझाउने छ ।

ज) "वडा" भन्नाले गाउँ, नगर, उपमहानगर र महानगर पालिकाका वडालाई बुझाउनेछ ।

झ) "पालिका" भन्नाले गाउँ, नगर, उपमहानगर र महानगर पालिका समेतलाई बुझाउनेछ ।

ञ) "निर्वाचन क्षेत्र" भन्नाले प्रतिनिधि सभा निर्वाचन क्षेत्र तथा प्रदेश सभा निर्वाचन क्षेत्रलाई बुझाउनेछ ।

ट) "कार्य सम्पादन समिति" भन्नाले यस विधान बमोजिम गठीत वडा, पालिका, प्रदेश सभा, प्रतिनिधि सभा, जिल्ला, प्रदेश र केन्द्रीय कार्य सम्पादन समितिलाई बुझाउनेछ ।

ठ) "अल्पसंख्यक" भन्नाले नेपालको संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (क) को अधिनमा रही संघीय कानुन बमोजिम निर्धारित राष्ट्रिय जनगणनाको जातीय विवरणमा उल्लेखित कूल जनसंख्याको ०.५ (शून्य दशमलव पाँच) प्रतिशत भन्दा कम जनसंख्या भएका समुदायलाई बुझाउनेछ ।

ड) "केन्द्र" भन्नाले नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको केन्द्रीय कार्यसमिति र महासंघको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

ढ) "पदाधिकारी" भन्नाले महासंघको वडा, पालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिका समितिका अध्यक्ष, उपाध्यक्ष, महामन्त्री, सह-महामन्त्री, सचिव, सह-सचिव र कोषाध्यक्षलाई बुझाउनेछ ।

ण) "समिति" भन्नाले यस विधानमा ब्यवस्था भए बमोजिमका समितिहरुलाई बुझाउनेछ ।

त) "अधिवेशन" भन्नाले यस विधानमा ब्यवस्था भए बमोजिम हुने वडा, पालिका, प्रदेश सभा



CamScanner

क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमितिहरुको अधिवेशनलाई बुझाउनेछ ।

थ) "महाधिवेशन" भन्नाले यस विधानमा ब्यवस्था भए बमोजिम हुने महासंघको केन्द्रीय महाधिवेशनलाई बुझाउनेछ ।

द) "नियमावली" भन्नाले यस विधानमा ब्यवस्था भए बमोजिम केन्द्रीय कार्य समितिले बनाएको नियमावलीलाई बुझाउनेछ ।

ध) "आवद्ध संघ" भन्नाले अनुसूची -१ मा उल्लेखित आदिवासी जनजाती अन्तर्गतका विभिन्न जातिय समुदायका छुट्टाछुट्टै रुपमा संगठित भएका वा हुने जातिय संघ, जसलाई महासंघले आवद्धता प्रदान गरेको हुन्छ, लाई बुझाउनेछ ।

न) "बिभाग" भन्नाले यस बिधान बमोजिम गठन हुने बिभागलाई बुझाउने छ ।

प) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले नियमावलीमा व्यवस्था भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेको समेतलाई बुझाउनेछ ।

## परिच्छेद-२

### महासंघको गठन र सदस्यता सम्बन्धि ब्यवस्था:

**३. महासंघको गठन:**

विधानको धारा ४ (क) बमोजिम आवद्धता प्राप्त अनुसूची -१ मा उल्लेखित विभिन्न जातिय संघहरुको प्रतिनिधित्व हुने गरी नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको गठन हुनेछ ।

**४. आवद्धता र सदस्यता सम्वन्धी ब्यवस्था:**

क) पार्टी र महासंघको विधानको अधिनमा रही अनुसूचि-१ मा सूचिकृत आदिवासी जनजाति समुदायका जातिय संघलाई महासंघले आवद्धता प्रदान गर्नेछ । यसरी आवद्धता प्राप्त जातिय संघले महासंघको केन्द्रीय कार्यसमितिले जनसंख्याको बनोट अनुसार निर्धारण गरे को मापदण्ड र संख्यामा महासंघको क्रियाशील सदस्यता वितरण गर्नेछ ।

**५. आवद्ध संघको सदस्यता शुल्क र नविकरण शुल्क सम्बन्धी ब्यवस्था:**

क) आवद्धता शुल्क - अनुसूची- १ मा उल्लेखित कुनै जातिय संघले महासंघमा आवद्धता हुन चाहेमा आवद्धता शुल्क वापत एक पटकका लागि जम्मा रु. ५,०००।- (पाँच हजार) सहित निवेदन पेश गर्नु पर्नेछ । महासंघ केन्द्रीय कार्यसमितिले यसरी निवेदन दिने जातिय संघको विधान समेत अध्ययन गरी आवश्यक देखिएमा आवद्ध संघको मान्यता प्रदान गर्न सक्नेछ । आवद्धता प्राप्त गरेपछि मात्र महासंघको कार्यसमिति, अधिवेशन, महाधिवेशनमा भाग लिन मिल्नेछ ।

ख) आवद्धता नबिकरण शुल्क - आवद्ध संघले प्रत्येक वर्ष नविकरणका लागि महासंघ समक्ष निवेदन दिनु पर्नेछ । महासंघले आवद्ध संघको वर्षभरिको कार्यको समिक्षा गरी आवद्धता नविकरण गर्नेछ । आवद्धता नविकरण शुल्क वापत रु. १,०००।- (एक हजार) लाग्नेछ ।



CamScanner

६. **आवद्ध संघको काम, कर्तव्य र अधिकार:**

क) यसै विधान बमोजिम महासंघको केन्द्रीय महाधिवेशन, प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा अधिवेशन तथा कार्यसमिति र अन्य बैठक तथा कार्यक्रमहरुमा भाग लिने, आवद्ध संघको तर्फवाट सुझाव पेश गर्ने, बिचार व्यक्त गर्ने, महासंघ कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुने, मतदान गर्ने ।

ख) आवद्ध संघको केन्द्रीय कार्यसमितिले महासंघको केन्द्रीय कार्यसमितिमा, प्रदेश कार्य समितिले महासंघको प्रदेश कार्यसमितिमा, जिल्ल्ला कार्यसमितिले महासंघको जिल्ला समितिमा, पालिका कार्य समितिले महासंघको पालिका कार्यसमितिमा र वडा कार्य समितिले महासंघको वडा कार्यसमितिमा प्रतिनिधि पठाउने तथा महासंघलाई क्रियाशील बनाउनमा सहयोग गर्ने ।

ग) यस विधान अन्तर्गत बनेको नियमावलीको अधिनमा रही काम गर्ने ।

घ) पार्टी र महासंघको उद्देश्य प्राप्तिको लागि आयोजना गरिएको कार्यक्रमहरुमा सहभागी हुने र तोकिएको जिम्मेवारी बहन गर्ने ।

७. **महासंघको कार्यालय :**

क) महासंघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ ।

ख) वडा, पालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमितिको कार्यालय सम्वन्धित क्षेत्रमा रहनेछ ।

८. **महासंघको उद्देश्य :**

महासंघको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) राष्ट्, राष्ट्रियता, लोकतन्त्र र समाजवादको सिद्धान्त, मूल्य मान्यता र आर्दश अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्थामा आधारित बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमवाट न्यायपूर्ण, गतिशिल तथा शान्तिपूर्ण लोकतान्त्रिक समाजको निर्माण गर्न सहयोग पुऱ्याई नेपाली काँग्रेस पार्टीमा संगठित रुपमा सक्रिय रहने ।

ख) महासंघका सदस्य संघहरुले जोड दिँदै आएका आ-आफ्ना मौलिक पुर्खौली मातृ भाषा, लिपी, कला-साहित्य, संस्कार-संस्कृति, धर्म, परम्परा, चालचलनको संरक्षण, सम्वर्द्धनको कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्दै आवश्यक नीति निर्माण र कार्यन्वयनमा जोड दिने ।

ग) आदिवासी जनजातिहरुको मौलिक मातृभाषा, संस्कृति, लिपी, कला-साहित्यको क्षेत्रमा विशेष योगदान पुर्याउने ब्यक्ति (स्रष्टा)हरुलाई उचित सम्मान गर्न आवश्यक सिफारिस एवं सरकार संग जोडदार माग गर्ने ।

घ) आदिवासी जनजातिहरुको आर्थिक, सामाजिक, भाषिक, शैक्षिक, सांस्कृतिक, उत्थानका लागि विशेष कार्यक्रम लागू गर्न गराउन निरन्तर पहल गर्ने ।

ङ) आदिवासी जनजातिहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक विकाश अभिबृद्धि गर्न सरकार एवं विभिन्न राष्ट्रिय, अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसँग सम्पर्क एवं समन्वय गरी आवश्यक कार्यक्रम संचालन गर्न, गराउन जोड दिने ।

च) नेपाली काँग्रेस पार्टीका विभिन्न भ्रातृ संघ तथा शुभेच्छुक संस्थासंग आपसी समन्वय गरी पार्टीलाई सक्रिय बनाउन आवश्यक सहयोग आदान-प्रदान गर्ने ।



CamScanner

छ) विभिन्न बाटो, पुल-पुलेसा, नदी-नाला, पहाड-पर्वत, बन-जंगल आदि प्राकृतिक एवं धार्मिक स्थलहरुको परम्परागत नामहरुको साथै रीतिरिवाज र प्रथाहरुको संरक्षण गर्न, गराउन जोड दिने ।

ज) आदिवासी जनजाति लगायत विभिन्न समुदायहरु बीच आपसी सद्भाव अभिवृद्धि गरी सहयोग आदान-प्रदान गर्ने ।

झ) व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तथा राज्यका विभिन्न निकाय एवं तह र तप्कामा नीति निर्माण र निर्णय गर्ने तहमा आदिवासी जनजातिहरुको सहज पहुँचको लागि अनुकुल वातावरण तयार गर्न क्षमता अभिवृद्धि गर्नुको साथै र समानुपातिक तथा समावेशी प्रतिनिधित्व गराउन प्रयत्नशील रहने ।

ञ) आदिवासी जनजातिसंग सम्बन्धित नेपाल सरकारद्धारा अनुमोदित राष्ट्रिय तथा अन्तराष्ट्रिय एवं क्षेत्रीय सन्धि, अविसन्धि, महासन्धि तथा सम्झौता र घोषणापत्रमा भएका प्रावधान र मर्म अनुरुप कार्य गर्न, गराउन पहल गर्ने ।

ट) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा हुने मौलिक अधिकार, नागरिक अधिकार, संयुक्त राष्ट्र संघको आदिवासी जनजाति अधिकार सम्वन्धि घोषणा पत्र सन् २००७, अर्न्तराष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ ले प्रत्याभूत गरेका कुराहरुलाई समेत पार्टीको निर्देशनभित्र रहि कार्यान्वयनका लागि सक्रिय पहल गर्ने ।

ठ) पार्टीको अनुमति लिएर समान उद्देश्य भएका विभिन्न लोकतान्त्रिक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थासँग सम्पर्क गरी सुमधुर सम्वन्ध स्थापित गरी सहयोग आदान-प्रदान गर्ने ।

ड) राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति प्रतिवद्ध नेपाली काँग्रेस पार्टीमा आवद्ध आदिवासी जनजातिहरुलाई संगठित गर्ने, गराउने ।

## परिच्छेद ३

**९. केन्द्रीय महाधिवेशन सम्बन्धी व्यवस्था:**

१) केन्द्रीय महाधिवेशन महासंघको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

२) केन्द्रीय महाधिवेशनको गठन देहाय बमोजिम हुनेछ :

क) एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा महासंघको क्षेत्रीय अधिवेशनबाट कम्तीमा दुई महिला सहित निर्वाचित क्षेत्रीय अध्यक्ष समेत सात जना केन्द्रीय महाधिवेशन प्रतिनिधि,

एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा महासंघको जिल्ला अधिवेशनबाट कम्तीमा दुई महिला सहित निर्वाचित जिल्ला अध्यक्ष समेत सात जना केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

ख) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य एक अवधीका लागि केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

ग) आवद्ध संघबाट तोकिएको संख्यामा निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

घ) केन्द्रीय अध्यक्षबाट मनोनित एघार जना केन्द्रीय महाधिवेशन प्रतिनिधि ।



CamScanner

**१०. केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार :**

१) केन्द्रीय महाधिवेशनले यसै विधान बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ ।

२) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत प्रस्ताव उपर छलफल गरी निर्णय गर्नेछ ।

३) महासंघको अल्पकालिन र दिर्घकालिन नीति तय गरी आवश्यक निर्णय गर्नेछ ।

४) महासंघको संचालन र सांगठनिक सक्रियताका विषयमा आवश्यक निर्णय गर्नेछ ।

५) महासंघको विधानमा आवश्यक संशोधन र परिमार्जन गरी स्वीकृतीका लागि केन्द्रीय कार्यसमिति मार्फत पार्टी समक्ष सिफारिस गर्नेछ ।

६) केन्द्रीय महाधिवेशनले आफ्ना केही अधिकार केन्द्रीय कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**११. केन्द्रीय महाधिवेशन सम्बन्धी अन्य व्यवस्था :**

१) महासंघको केन्द्रीय कार्यसमितिले तोकिएको मिति र स्थानमा प्रत्येक तीन वर्षमा महासंघको केन्द्रीय महाधिवेशन हुनेछ ।

२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत प्रतिनिधिले विशेष कारण खुलाई केन्द्रीय महाधिवेशनको बैठक वोलाउन केन्द्र समक्ष लिखित निवेदन गरेमा दुई महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन वोलाउनु पर्नेछ ।

३) केन्द्रीय महाधिवेशन प्रतिनिधिले केन्द्रीय महाधिवेशनमा कुनै प्रस्ताव पेश गर्नु परेमा केन्द्रीय कार्यसमिति मार्फत पेश गर्नु पर्नेछ ।

४) महाधिवेशन प्रतिनिधिको एकाउन्न प्रतिशत उपस्थितिलाई महाधिवेशनको गणपुरक संख्या मानिनेछ ।

५) केन्द्रीय महाधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. केन्द्रीय कार्यसमिति :**

१) केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

क) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले आफुमध्येबाट अध्यक्ष, उपाध्यक्ष-२, महामन्त्री-२, दुई महिला सहित सहमहामन्त्री-७ को निर्वाचन गर्नेछ ।

ख) कार्यसमितिका सदस्यमध्येबाट अध्यक्षको प्रस्तावमा केन्द्रीय कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष -१ ।

ग) प्रत्येक प्रदेशबाट एक महिला सहित प्रत्यक्ष निर्वाचित तीन जना सदस्य ।

घ) महासंघको प्रदेश अध्यक्ष र महासंघ आवद्ध प्रत्येक जातिय संघको अध्यक्ष पदेन सदस्य ।

ङ) केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट अध्यक्षले मनोनित गरेका दश जना सदस्य ।

**१३. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

१) पार्टीको निर्देशन बमोजिमका कार्य गर्ने गराउने ।

२) केन्द्रीय महाधिवेशनबाट पारित निर्णय कार्यान्वयन गर्ने गराउने ।



CamScanner

३) केन्द्रीय महाधिवेशन नभएको समयमा नीतिगत रुपमा कुनै निर्णय गर्नु परेमा पछि हुने केन्द्रीय महाधिवेशनबाट अनुमोदन गर्ने गरी निर्णय गर्ने ।

४) पार्टी आवद्ध अन्य भ्रातृ संघहरुसंग समन्वय गरी पार्टीद्वारा संचालित विभिन्न कार्यक्रम, अभियानलाई सफल बनाउन आवश्यक कार्य गर्ने, गराउने ।

५) स्थानीय तहको निर्वाचन तथा प्रदेश सभा र प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा पार्टी र पार्टीका उम्मेदवारलाई विजयी वनाउन महासंघ र महासंघ आवद्ध सबै संघहरुलाई सक्रियतापूर्वक परिचालन गर्ने ।

६) केन्द्रीय कार्यसमितिद्वारा पारित प्रस्तावहरुका साथै नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी निरीक्षण, मूल्यांकन गर्ने र विधानमा उल्लेखित उद्देश्यहरुको प्राप्तिका लागि आवश्यक कार्यक्रमहरु गर्ने, गराउने ।

७) केन्द्रीय महाधिवेशनको आयोजना गर्ने ।

८) कार्य सम्पादन समितिको निर्णय अनुमोदन गर्ने ।

९) कोषाध्यक्षद्वारा पेश हुने वार्षिक आर्थिक प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव सहित पारित गर्ने ।

१०) आवद्ध संघहरुको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिने ।

११) महासंघका उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार विभिन्न कार्यदल, समिति, तथा उपसमितिहरुको गठन गर्ने ।

१२) महामन्त्रीबाट प्रस्तुत कार्यप्रगति प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

१३) आदिवासी जनजातीका चाडपर्व, रितीरिवाज, मौलिक परम्परा, सस्ंकृति, भेषभुषा, मठमन्दिर, गुम्वा, पाटीपौवा, धर्मशाला, धार्मिक स्थल लगायतको संरक्षण, सम्वर्द्धन र पुर्ननिर्माणमा सहयोग पुऱ्याउन सम्बन्धित तहमा रहेका सरकारी तथा गैरसरकारी निकाय र संघ संस्थाहरुसंग सम्पर्क, समन्वय र अगुवाई गर्ने ।

१४) महासंघको भावी नीति तथा कार्यक्रमको तर्जुमा गर्ने ।

१५) केन्द्रीय कार्यसमितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक वस्नेछ ।

**१४. केन्द्रीय कार्यसम्पादन समितिको गठन :**

१) महासंघको अध्यक्ष, उपाध्यक्ष, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्री पदेन ।

२) अध्यक्षले केन्द्रीय सदस्यमध्येबाट नाम प्रस्ताव गरी केन्द्रीय कार्यसमितिले अनुमोदन गरेका तेह्र जना सदस्य ।

यसरी नाम प्रस्ताव गर्दा सबै प्रदेशको प्रतिनिधित्व, आवद्ध संघको जनसंख्याको बनोट, महिलाको प्रतिनिधित्व समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

३) महासंघको प्रवक्ता पदेन सदस्य ।

**१५. केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

१) कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।



CamScanner

२) महासंघ आवद्ध संघहरुको कामको समिक्षा गर्ने ।
३) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।
४) कार्यसम्पादन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

**१६. उम्मेदवारीका लागि आवश्यक योग्यता :**

१) महासंघको केन्द्रीय कार्यसमितिको अध्यक्ष पदको उम्मेदवारीका लागि महासंघको महासंघ अन्तर्गतका आवद्ध संघको केन्द्रीय पदाधिकारी रहिसकेको र पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको कम्तिमा दश वर्ष पुगेको निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनु पर्नेछ ।

२) केन्द्रीय पदाधिकारीको उम्मेदवारीका लागि महासंघ आवद्ध संघको केन्द्रीय पदाधिकारी र हिसकेको र पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको कम्तिमा पाँच वर्ष पुगेको निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनु पर्नेछ ।

३) केन्द्रीय सदस्यको उम्मेदवारीका लागि महासंघको निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि र पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको हुनु पर्नेछ ।

४) प्रदेश कार्यसमितिको अध्यक्ष पदको उम्मेदवार हुनको लागि महासंघको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्य तथा महासंघको प्रदेश कार्यसमितिको पदाधिकारी भई कम्तीमा एक अवधी कार्य गरेको हुनु पर्नेछ ।

५) प्रदेश कार्यसमितिको पदाधिकारी पदको उम्मेदवार हुनको लागि महासंघ आवद्ध जातिय संघको प्रदेश कार्यसमितिको पदाधिकारी भई कार्य गरेको हुनु पर्नेछ ।

६) प्रदेश कार्यसमितिको सदस्य पदको उम्मेदवार हुनका लागि महासंघ आवद्ध जातिय संघको पालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला कार्यसमितिको पदाधिकारी वा सदस्य भई कार्य गरेको हुनु पर्नेछ ।

७) महासंघको सबै तहको कार्यसमितिको पदाधिकारी र सदस्य पदको उम्मेदवार हुन तोकिए बमोजिमको सदस्यता शुल्क बुझाएको र सम्बन्धित तहको महाधिवेशन/अधिवेशनको प्रतिनिधि हुनु पर्नेछ ।

८) प्रचलित नेपाल कानुनले अयोग्य ठहराएको हुन नहुने ।

९) पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको हुनु पर्ने ।

**१७. केन्द्रीय कार्यसमितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) पार्टीद्वारा निर्देशित कार्य गर्न गराउन महासंघको समग्र नेतृतव गर्ने ।

ख) केन्द्रीय महाधिवेशन, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति लगायतका बैठकको अध्यक्षता गर्ने ।

ग) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

घ) महासंघको तर्फबाट सभा, सम्मेलन, गोष्ठी, सेमिनार वा विभिन्न संघ/संस्थामा प्रतिनिधित्व गर्ने, गराउने ।

ङ) केन्द्रीय कार्यसमितिद्वारा जारी निर्देशन वा केन्द्रीय कार्य सम्पादन समितिका निर्णय

कार्यान्वयन गर्ने, गराउने ।

च) आफ्नो अनुपस्थितीमा आफु पछिको मर्यादाक्रममा रहेको उपाध्यक्षलाई कार्यबाहक तोक्ने ।

छ) केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यले आफ्नो पदबाट राजिनामा दिएमा केन्द्रीय कार्यसमितिलाई जानकारी गराई स्वीकृत गर्ने ।

ज) महासंघको केन्द्रीय कार्यालयका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

झ) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले तोके बमोजिमका कार्य गर्ने गराउने ।

ख) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।

३) **महामन्त्रीको काम, कर्तव्य र अधिकार :**

क) महासंघको केन्द्रीय कार्यालय सन्चालन गर्ने, गराउने ।

ख) महासंघको उद्देश्य अनुरुप महासंघको सांगठनिक ढाँचालाई सुदृढ र विस्तार गर्न आवश्यक कार्ययोजना तय गर्ने ।

ग) अध्यक्षको परामर्शमा बैठकमा प्रस्तुत हुने प्रस्ताव तयार गर्ने र बैठक बोलाउने ।

घ) अध्यक्षलाई सहयोग पुऱ्याउने र महासंघको सूचना प्रवाह गर्ने, गराउने ।

ङ) केन्द्रीय कार्यसमितिमा महासंघको भावी नीति तथा कार्यक्रम सहित महासंघले गरेका कार्य प्रगति प्रतिवेदन पेश गर्ने, अनुमोदन गराउने ।

च) केन्द्रीय कार्यसमितिको निर्देशन र केन्द्रीय कार्य सम्पादन समिति र केन्द्रीय समितिका निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।

छ) महासंघका सम्पूर्ण कागजातहरुको जिम्मा लिने, सदस्यता अभिलेख दुरुस्त राख्ने ।

ज) अन्य आवश्यक कार्यहरु गर्ने ।

४) **सह–महामन्त्रीको काम, कर्तव्य र अधिकार :**

क) महामन्त्रीको अनुपस्थितीमा महामन्त्रीले तोके बमोजिमका कार्यहरु गर्ने, गराउने ।

ख) महामन्त्रीको काममा सहयोग पुर्याउने ।

५) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) महासंघका लागि आवश्यक आर्थिक श्रोत, साधानको व्यवस्था गर्ने र त्यसको संरक्षण गर्ने ।

ख) आय-व्यायको अभिलेख अद्यावधिक राख्ने ।

ग) केन्द्रीय कार्यसमितिको निर्णय अनुसारको बैंकमा खाता खोली अध्यक्ष, महामन्त्री र कोषाध्यक्षको संयुक्त हस्ताक्षरवाट खाता संचालन गर्ने ।

घ) केन्द्रीय कार्यसमितिको बैठकको निर्णय अनुसार खर्च गर्ने ।

ङ) महासंघको आय-व्यायको वार्षिक लेखापरिक्षण गराई प्रतिवेदन केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।



CS CamScanner

१८. **प्रदेश अधिवेशन सम्बन्धी व्यवस्था :**

१) प्रदेशभित्रका एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएका जिल्लाको प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनबाट निर्वाचित धारा ९ (२) (क) बमोजिमका केन्द्रीय महाधिवेशन प्रतिनिधि सो प्रदेश अधिवेशनका सदस्य ।

२) प्रदेशभित्रका एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशनबाट निर्वाचित धारा ९ (२) (क) बमोजिमका केन्द्रीय महाधिवेशन प्रतिनिधि सो प्रदेश अधिवेशन प्रतिनिधिका सदस्य ।

३) सम्बन्धित प्रदेशभित्रका महासंघका केन्द्रीय पदाधिकारी र सदस्य एक अवधीका लागि प्रदेश अधिवेशन प्रतिनिधि ।

४) सम्बन्धित प्रदेशभित्रका जिल्ला कार्यसमितिका अध्यक्ष ।

५) महासंघको केन्द्रीय महाधिवेशन हुनु भन्दा ६ महिना पहिले प्रदेश अधिवेशन सम्पन्न हुनेछ ।

६) प्रदेश अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार :**

१) प्रदेश अधिवेशनले यसै विधान बमोजिम योग्यता पुगेका व्यक्तिमध्येबाट प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ ।

२) प्रदेश कार्यसमितिले गरेका निर्णय उपर छलफल गरी आवश्यकतानुसार राय सुझाव सहित अनुमोदन गर्नेछ ।

३) प्रदेश अधिवेशनले आफ्ना केही अधिकार प्रदेश कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४) महासंघको केन्द्रीय महाधिवेशन र केन्द्रीय कार्यसमितिले दिएको निर्देशन बमोजिम कार्य गर्ने र प्रदेश कार्यसमितिलाई आवश्यक निर्देशन दिनेछ ।

२०. **प्रदेश कार्यसमिति सम्बन्धी व्यवस्था :**

१) प्रदेशभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुले यसै विधान बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट निर्वाचित गरेका अध्यक्ष, उपाध्यक्ष-२, सचिव -२, सहसचिव १ महिला सहित ३ जना,
प्रदेश पदाधिकारीमा महासंघ आवद्ध संघहरुमध्ये एउटा जातीय संघबाट एक जना मात्र पदाधिकारी निर्वाचित हुन सक्नेछ ।

२) कार्यसमितिका सदस्यमध्येबाट अध्यक्षको प्रस्तावमा प्रदेश कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष -१ ।

३) प्रदेश अधिवेशन प्रतिनिधिहरुले महासंघ आवद्ध प्रदेशभित्रका जातिय संघको जनसंख्याको वनोटलाई ध्यानमा राखी यथाशक्य सबै जिल्लाको प्रतिनिधित्व समेत हुने गरी निर्वाचित गरेका सात महिला सहित एक्काइस जना सदस्य ।



CamScanner

४) प्रदेश अध्यक्षले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट मनोनित गरेका सात जना सदस्य ।

५) प्रदेशभित्रका आवद्ध संघका प्रदेश अध्यक्षहरुलाई प्रदेश कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**२१. प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

१) महासंघको केन्द्रीय कार्यसमितिद्वारा निर्देशित कार्य गर्ने गराउने ।

२) प्रदेश अधिवेशन र प्रदेश कार्यसमितिका निर्णय कार्यान्वयन गर्ने गराउने ।

३) प्रदेश अधिवेशनको आयोजना गर्ने ।

४) कार्यसम्पादन समितिका निर्णय अनुमोदन गर्ने ।

५) प्रदेश अधिवेशनमा सचिवद्वारा प्रस्तुत गरिने वार्षिक प्रगति र कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव सहित पारित गर्ने ।

६) प्रदेशभित्र आवद्ध संघको प्रदेश स्तरीय संरचना गठन गरी सोको जानकारी केन्द्रमा गर ाउने ।

७) महासंघका उद्देश्य प्राप्तिका लागि प्रदेश स्तरमा आवश्यकतानुसार विभिन्न कार्यदल, समिति तथा उपसमितिहरुको गठन गर्ने ।

**२२. प्रदेश कार्यसम्पादन समितिको गठन :**

१) प्रदेश कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव पदेन ।

२) अध्यक्षले प्रदेश कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी प्रदेश कार्यसमितिबाट अनुमोदित सात जना सदस्य ।

३) प्रदेश कार्यसमितिको प्रवक्ता पदेन सदस्य ।

**२३. प्रदेश कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

१) प्रदेश कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने प्रदेश कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।

२) प्रदेशभित्रका महासंघ आवद्ध संघको कामको समिक्षा गर्ने ।

३) कार्यसम्पादन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

**२४. प्रदेश कार्यसमितिका पदाधिकारीको काय, कर्तव्य र अधिकार :**

**१) प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) प्रदेश अधिवेशन, प्रदेश कार्यसमिति र प्रदेश कार्यसम्पादन समितिको बैठकमा अध्यक्षता गर्ने ।

ख) मत बराबर भएमा निर्णायक मत दिने ।

ग) महासंघको उद्देश्य अनुरुप महासंघको प्रदेश स्तरीय सांगठनिक ढाँचालाई सुदृढ र



CamScanner

विस्तार गर्न तथा कार्ययोजना अघि बढाउन नेतृत्व गर्ने ।

घ) महासंघको तर्फबाट प्रदेश स्तरीय सभा, सम्मेलन, गोष्ठी, सेमिनार वा विभिन्न संघ/संस्थामा प्रतिनिधित्व गर्ने, गराउने ।

ङ) प्रदेश कार्यसमितिद्धारा जारी निर्देशन र निर्णय कार्यान्वयन गर्ने, गराउने ।

च) आफ्नो अनुपस्थितीमा आफुपछिको मर्यादाक्रममा रहेको उपाध्यक्षलाई कार्यबाहक तोक्ने ।

छ) कुनै कारणले कार्यसमितिका पदाधिकारी र सदस्यले आफ्नो पदबाट राजिनामा दिएमा कार्यसमितिलाई जानकारी गराई स्वीकृत गर्ने ।

ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षद्वारा तोकिएका कार्यहरु गर्ने गराउने ।

ख) अध्यक्षले तोके बमोजिम कार्यबाहक अध्यक्ष भई कार्य गर्ने गराउने ।

ग) अध्यक्षको अनुमतिले प्रदेश कार्यसमितिका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

**३) सचिबको काम, कर्तव्य र अधिकार :**

क) महासंघको प्रदेश कार्यालय सन्चालन गर्ने, गराउने ।

ख) अध्यक्षको परामर्शमा प्रदेश कार्यसमितिको बैठक बोलाउने, बैठकमा प्रस्तुत हुने प्रस्ताव तयार गर्ने ।

ग) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने र सूचना प्रवाह गर्ने गराउने ।

घ) प्रदेश कार्यसमितिमा महासंघको वार्षिक प्रतिवेदन पेश गर्ने ।

ङ) अध्यक्षको निर्देशनमा प्रदेश कार्यसमिति र प्रदेश कार्यसम्पादन समितिका निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।

च) महासंघका सम्पुर्ण दस्तावेजहरु, सदस्यता अभिलेख दुरुस्त राख्ने ।

छ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

**४) सहसचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिबद्वारा तोकिएका कार्य गर्ने, गराउने ।

ख) सचिवको कार्यमा सहयोग पुऱ्याउने ।

ग) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) आवश्यक आर्थिक श्रोत, साधनको व्यवस्था गर्ने र त्यसको संरक्षण गर्ने ।

ख) आय-व्ययको अभिलेख अद्यावधिक राख्ने ।

ग) कार्यसमितिले गरेको निर्णय अनुसारको बैंकमा खाता खोली अध्यक्ष, सचिब र कोषाध्यक्षको संयुक्त हस्ताक्षरवाट खाता संचालन गर्ने ।

घ) कार्यसमितिको बैठकको निर्णय अनुसार खर्च गर्ने ।



CamScanner

ङ) प्रदेश कार्यसमितिको वार्षिक लेखापरिक्षण गरी आय-व्ययको विवरण दुरुस्त राख्ने र प्रदेश कार्यसमितिमा प्रस्तुत गर्ने ।

च) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**२५. जिल्ला अधिवेशन र जिल्ला कार्यसमिति सम्बन्धी व्यवस्था**

**१) जिल्ला अधिवेशनको गठन :**

क) जिल्ला कार्यसमितिका पदाधिकारी र सदस्य ।

ख) जिल्लाभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधि ।

ग) महासंघद्वारा स्वीकृत आवद्ध जातिय संघको विधानमा उल्लेख गरिएको संख्याका आवद्ध संघको जिल्ला कार्यसमितिका पदाधिकारी ।

घ) जिल्लाभित्रका महासंघको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी ।

ङ) जिल्लाभित्रका महासंघको प्रदेश सभा क्षेत्रीय कार्यसमितिको अध्यक्ष ।

च) जिल्लाभित्रका महासंघको पालिका र वडा कार्यसमितिका अध्यक्ष ।

छ) प्रदेश अधिवेशनको मिति भन्दा एक महिना पहिले जिल्ला अधिवेशन सम्पन्न हुनेछ ।

**२) जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :**

क) जिल्ला अधिवेशनका सदस्यले आफुमध्येबाट जिल्ला कार्यसमितिका लागि पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

ख) जिल्ला अधिवेशनले महासंघको जिल्ला र मातहत कार्यसमितिको कार्य मुल्याकंन गरी आवश्यक निर्देशन दिने र प्रदेश कार्यसमितिमा प्रतिवेदन पठाउनेछ ।

ग) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**३) जिल्ला कार्यसमितिको गठन :**

क) जिल्ला अधिवेशनका सदस्यले आफुमध्येबाट निर्वाचित गरेका जिल्ला कार्यसमितिका लागि अध्यक्ष, उपाध्यक्ष -२, सचिव-२, सहसचिव- २ ।

ख) महासंघ आवद्ध जातिय संघको जिल्लाभित्रको जनसंख्याको वनोट अनुसार यथासम्भव सबै जातिय संघको प्रतिनिधित्व हुने गरी जिल्ला अधिवेशनका प्रतिनिधिहरूले आफुमध्ये बाट प्रत्यक्ष निर्वाचित गरेका पाँच महिला सहित पन्ध्र जना सदस्य ।

ग) निर्वाचित जिल्ला कार्यसमितिका सदस्यमध्येबाट जिल्ला अध्यक्षको प्रस्तावमा जिल्ला कार्यसमितिबाट अनुमोदिन कोषाध्यक्ष -१ ।

घ) जिल्लाभित्रका महासंघका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका अध्यक्ष पदेन सदस्य ।

ङ) जिल्ला अध्यक्षले जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट मनोनित गरेका दुई महिला सहित पाँच जना सदस्य ।

च) जिल्लाभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधिलाई जिल्ला कार्यसमितिको बैठकमा आवश्यकतानुसार बोलाउन सकिनेछ ।

छ) महासंघ केन्द्रीय कार्यसमितिले आवश्यक मापदण्ड निर्धारण र निर्णय गरी जिल्ला तदर्थ



CamScanner

कार्यसमिति स्थापनाका लागि स्वीकृति दिन सक्नेछ ।

**२६. जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार**

१) सम्बन्धित तहको अधिवेशनबाट पारित प्रस्ताव र निर्णय कार्यान्वयन गर्ने गराउने ।
२) सम्बन्धित तहको अधिवेशनको आयोजना गर्ने ।
३) सम्बन्धित तहको कार्यसम्पादन समितिको निर्णय अनुमोदन गर्ने ।
४) सम्बन्धित तहको सचिवद्वारा प्रस्तुत कार्यप्रगति प्रतिवेदन र कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन माथि छलफल गरी राय सुझाव सहित पारित गर्ने ।
५) महासंघ आवद्ध जातिय संघको सम्बन्धित तहको कार्यसमितिको काम, कारवाई र गतिविधिको मुल्याकंन गरी आवश्यक निर्देशन दिने ।
६) सम्बन्धित तहको कार्यसमितिको भावी नीति तथा कार्यक्रम तय गर्ने ।
७) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**२७. जिल्ला कार्यसम्पादन समितिको गठन**

१) जिल्ला कार्यसमितिका पदाधिकारी पदेन ।
२) अध्यक्षले जिल्ला कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी जिल्ला कार्यसमितिबाट अनुमोदित पाँच जना सदस्य ।
३) जिल्ला कार्यसमितिको प्रवक्ता पदेन ।

**२८. जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार**

१) जिल्ला कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने जिल्ला कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।
२) जिल्लाभित्रका महासंघ आवद्ध संघको कामको समिक्षा गर्ने ।
३) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।
४) कार्यसम्पादन समितिको बैठक आवश्यकतानुसा वस्नेछ ।

**२९. जिल्ला र मातहत तहका कार्यसमितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

१) जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिका अध्यक्षको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित तहको अधिवेशन, कार्यसमिति र कार्यसम्पादन समितिको बैठकको अध्यक्षता गर्ने ।
ख) सम्बन्धित तहको बैठकमा मत वरावर भएमा निर्णायक मत दिने ।
ग) महासंघको सम्बन्धित तहको संगठनलाई सुदृढ एवं गतिशिल वनाउन समग्र नेतृत्व गर्ने ।

घ) महासंघको तर्फबाट सम्बन्धित तहका सभा, सम्मेलन गोष्ठी, सेमिनार र विभिन्न संघ संस्थामा प्रतिनिधित्व गर्ने गराउने ।

ङ) सम्बन्धित तहको अधिवेशन र कार्यसमितिका निर्णय कार्यान्वयन गर्ने गराउने ।

च) आफ्नो अनुपस्थितिमा आफुपछिको मर्यादाक्रममा रहेको उपाध्यक्षलाई सम्बन्धित तहको कार्यवाहक अध्यक्ष तोक्ने ।

छ) कार्यसमितिको पदाधिकारी वा सदस्यले राजिनामा दिएमा सम्बन्धित तहको कार्यसमितिलाई जानकारी गराई स्वीकृत गर्ने ।

ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने गराउने ।

२) जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित तहको अध्यक्षद्वारा तोकिएका कार्यहरु गर्ने, गराउने ।

ख) अध्यक्षले तोके बमोजिम कार्यवाहक अध्यक्ष भई कार्य गर्ने, गराउने ।

ग) अध्यक्षको अनुमतिले सम्बन्धित तहको कार्यसमितिका निर्णय कार्यान्वयन गर्ने गराउने ।

घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने गराउने ।

३) जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिका सचिवको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित तहको कार्यसमितिको कार्यालय संचालन गर्ने, गराउने ।

ख) सम्बन्धित तहको कार्यसमितिको अध्यक्षको परामर्शमा कार्यसमितिको बैठक बोलाउने ।

ग) अध्यक्षको परामर्शमा बैठकमा प्रस्तुत हुने प्रस्ताव तयार गर्ने ।

घ) सम्बन्धित तहको कार्यसमितिमा वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने ।

ङ) सम्बन्धित तहको कार्यसमितिका सम्पूर्ण दस्तावेज, सदस्यता विवरण इत्यादीको सुरक्षा र अद्यावधिक राख्ने ।

च) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

४) जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिका सहसचिवको काम, कर्तव्य र अधिकार

क) सचिवद्वारा तोकिएको कार्य गर्ने, गराउने ।

ख) सचिवको कार्यमा सहयोग पुऱ्याउने ।

ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

५) जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडा कार्यसमितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित तहको कार्यसमितिको लागि आवश्यक आर्थिक श्रोत साधनको व्यवस्थापन र त्यसको संरक्षण गर्ने ।

ख) आय-व्ययको विवरण अद्यावधिक राख्ने ।

ग) कार्यसमितिको निर्णय बमोजिम सम्बन्धित तहको कार्यसमितिको नाममा वैंकमा खाता खोली अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा खाता संचालन गर्ने ।



CamScanner

घ) कार्यसमितिको बैठकको निर्णय अनुसार खर्च गर्ने, गराउने ।
ङ) कार्यसमितिको वार्षिक आय-व्ययको विवरण दुरुस्त राख्ने र कार्यसमितिको बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने ।
च) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

**३०. प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति सम्बन्धी व्यवस्था**

१) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन
क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्य ।
ख) प्रतिनिधि सभा क्षेत्रभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधि ।
ग) महासंघ आवद्ध जातिय संघको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी ।
घ) प्रतिनिधि सभा क्षेत्रभित्र रहेका प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी ।
ङ) प्रतिनिधि सभा क्षेत्रभित्र रहेका पालिकाका महासंघका अध्यक्ष र पालिका अन्तर्गतका वडाका वडा कार्यसमितिका अध्यक्ष ।
च) जिल्ला अधिवेशनको मिति भन्दा पन्ध्र दिन पहिले प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन सम्पन्न हुनेछ ।

२) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकार :
क) यसै विधान बमोजिम प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।
ख) महासंघ आवद्ध जातिय संघको प्रतिनिधि सभा क्षेत्रभित्रको जनसंख्याको वनोट अनुसार सो क्षेत्रमा रहेका सबै आवद्ध संघको यथासम्भव प्रतिनिधित्व हुने गरी तीन महिला सहित दश जना सदस्यको निर्वाचन गर्ने ।
ग) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले महासंघको प्रतिनिधि सभा क्षेत्र र मातहतका कार्यसमितिको कार्य मुल्याकंन गरी आवश्यक निर्देशन दिने र जिल्ला कार्यसमितिमा प्रतिवेदन पठाउनेछ ।
घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउनेछ ।

(३) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको गठन :
क) उपधारा २ (क) बमोजिम प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले आफुमध्येबाट अध्यक्ष, उपाध्यक्ष-२, सचिव -२ र सहसचिव -२ को निर्वाचन गर्नेछ ।
ख) निर्वाचित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सदस्यमध्येबाट अध्यक्षको प्रस्तावमा कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष -१ ।
ग) उपधारा २ (ख) बमोजिम निर्वाचित सदस्य ।
घ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका अध्यक्षले क्षेत्रीय अधिवेशनका प्रतिनिधिमध्येबाट मनोनित गरेका दुई महिला सहित पाँच जना सदस्य ।
ङ) प्रतिनिधि सभा क्षेत्रभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधिलाई कार्यसमितिको बैठकमा



CamScanner

आवश्यतानुसार बोलाउन सकिनेछ ।

च) महासंघको जिल्ला कार्यसमितिको सिफारिसमा प्रदेश कार्यसमितिको राय समेतलाई ध्यानमा राखी महासंघको केन्द्रीय कार्यसमितिले प्रतिनिधि सभा क्षेत्रीय तदर्थ कार्यसमिति स्थापना गर्नका लागि अनुमति प्रदान गर्नेछ ।

(४) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समिति :

क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी पदेन ।

ख) अध्यक्षले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट अनुमोदित एक महिला सहित तीन जना सदस्य ।

ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको प्रवक्ता पदेन ।

(५) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :

क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।

ख) क्षेत्रभित्रका महासंघ आवद्ध संघको कार्यको समिक्षा गर्ने ।

ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

घ) कार्यसम्पादन समितिको बैठक आवश्यकतानुसार वस्नेछ ।

**३१. प्रदेश सभा क्षेत्रीय अधिवेशन र प्रदेश सभा क्षेत्रीय कार्यसमिति सम्बन्धी व्यवस्था**

(१) प्रदेश सभा क्षेत्रीय अधिवेशन

क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्य ।

ख) प्रदेश सभा क्षेत्र भित्रका प्रदेश अधिवेशन प्रतिनिधि ।

ग) महासंघ आवद्ध जातिय संघहरुको प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी ।

घ) प्रदेश सभा क्षेत्रभित्र रहेका पालिका र वडाका महासंघ कार्यसमितिका अध्यक्ष ।

ङ) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन भन्दा पन्ध्र दिन पहिले प्रदेश सभा क्षेत्रीय अधिवेशन सम्पन्न हुनेछ ।

(२) प्रदेश सभा क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकार :

क) यसै विधान बमोजिम प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

ख) प्रदेश सभा क्षेत्रीय कार्यसमिति र मातहत निकायको कार्यको समिक्षा गरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा प्रतिवेदन पठाउने ।

ग) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

३) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको गठन :

क) प्रदेश सभा क्षेत्रीय अधिवेशनले आफुमध्येबाट निर्वाचित गरेका अध्यक्ष, उपाध्यक्ष-२, सचिव -२, सहसचिव -२ ।

ख) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट अध्यक्षको प्रस्तावमा कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष -१,



CamScanner

ग) प्रदेश सभा क्षेत्रीय अधिवेशनले महासंघ आवद्ध जातिय संघको प्रदेश सभा क्षेत्रभित्रको जनसख्याको वनोट अनुसार सो क्षेत्रमा रहेका आवद्ध संघको प्रतिनिधित्व यथाशक्य हुने गरी दुई महिला सहित ६ जना सदस्य निर्वाचित गर्नेछ ।

घ) प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिहरुमध्ये अध्यक्षले मनोनित गरेका एक महिला सहित तीन जना सदस्य ।

ङ) महासंघको जिल्ला कार्यसमितिको सिफारिसमा प्रदेश कार्यसमितिले प्रदेश सभा क्षेत्रीय तदर्थ कार्यसमिति गठन गर्न सक्नेछ र सोको जानकारी तत्काल केन्द्रलाई दिनेछ ।

४) प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समिति :

क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी ।

ख) अध्यक्षले प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट अनुमोदित तीन जना सदस्य ।

ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको प्रवक्ता पदेन ।

५) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :

क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।

ख) प्रदेश सभा क्षेत्रभित्रका महासंघ आवद्ध संघहरुको कार्यको समिक्षा गर्ने ।

ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने गराउने ।

घ) कार्यसम्पादन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

३२. महानगर/उपमहानगर/नगर/गाउँ पालिका अधिवेशन र कार्यसमिति

(१) महानगर/उपमहानगर/नगर/ गाउँ पालिका अधिवेशन

क) सम्बन्धित तहको कार्यसमितिका पदाधिकारी र सदस्य ।

ख) पालिकाभित्रका जिल्ला अधिवेशन प्रतिनिधि ।

ग) पालिकाका आवद्ध जातिय संघका अध्यक्ष ।

घ) पालिकाभित्रका वडाका वडा अध्यक्ष ।

ङ) प्रदेश सभा क्षेत्रीय अधिवेशन भन्दा पन्ध्र दिन पहिले पालिका अधिवेशन सम्पन्न हुनेछ ।

२) महानगर/उपमहानगर/नगर/ गाउँ पालिका कार्यसमितिको गठन :

क) पालिका अधिवेशनले आफुमध्येबाट निर्वाचित गरेका अध्यक्ष, उपाध्यक्ष-२, सचिव-२ र सहसचिव-२ ।

ख) निर्वाचित सदस्यमध्येबाट अध्यक्षको प्रस्तावमा पालिका कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष -१ ।

ग) पालिका अधिवेशनले पालिकाभित्रको आवद्ध जातिय संघको जनसंख्याको वनोट अनुसार यथाशक्य प्रतिनिधित्व हुने गरी निर्वाचित गरेका एक महिला सहित तीन जना सदस्य ।

घ) पालिका अधिवेशनका प्रतिनिधिमध्ये अध्यक्षले मनोनित गरेका एक महिला सहित तीन जना सदस्य ।



CamScanner

ङ) महासंघको जिल्ला कार्यसमितिको सिफारिसमा प्रदेश कार्यसमितिले पालिका तदर्थ कार्यसमिति गठन गर्न सक्नेछ र त्यसको जानकारी तत्काल केन्द्रलाई दिनेछ ।

३) महानगर/उपमहानगर/नगर/ गाउँ पालिका कार्यसम्पादन समिति

क) पालिका कार्यसमितिका पदाधिकारी ।

ख) अध्यक्षले पालिका कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी कार्यसमितिबाट अनुमोदित तीन जना सदस्य ।

ग) पालिका कार्यसमितिको प्रवक्ता पदेन सदस्य ।

घ) पालिका कार्यसम्पादन समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

४) महानगर/उपमहानगर/नगर/ गाउँ पालिका कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :

क) पालिका कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।

ख) पालिकाभित्रका महासंघ आवद्ध संघको कार्यको समिक्षा गर्ने ।

ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

घ) कार्यसम्पादन समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

**३३. वडा अधिवेशन र वडा कार्यसमिति सम्बन्धी व्यवस्था**

१) वडा अधिवेशन

क) वडा कार्यसमितिका पदाधिकारी र सदस्य ।

ख) वडाभित्रका प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधि ।

ग) वडाभित्रका आवद्ध जातिय संघका अध्यक्ष ।

घ) पालिका अधिवेशन भन्दा पन्ध्र दिन पहिले वडा अधिवेशन सम्पन्न हुनेछ ।

२) वडा कार्यसमिति

क) वडा अधिवेशनले आफुमध्येबाट निर्वाचित गरेका अध्यक्ष, उपाध्यक्ष -३, सचिव-२ र सहसचिव -२ ।

ख) निर्वाचित सदस्य मध्ये अध्यक्षको प्रस्तावमा वडा कार्यसमितिबाट अनुमोदित को षाध्यक्ष -१ ।

ग) वडा अधिवेशनले वडाभित्रको आवद्ध संघको जातिय जनसंख्याको वनोटलाई ध्यानमा राखी यथाशक्य प्रतिनिधित्व हुने गरी निर्वाचित गरेका एक महिला सहित तीन जना सदस्य ।

घ) वडा अध्यक्षले वडा अधिवेशनका प्रतिनिधिमध्येबाट मनोनित गरेका एक महिला सहित तीन जना सदस्य ।

ङ) महासंघको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (एकमात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रदेश सभा क्षेत्रीय कार्यसमिति) को सिफारिसमा जिल्ला कार्यसमितिले महासंघको वडा तथर्द कार्यसमिति गठन गर्न सक्नेछ र त्यसको जानकारी तत्काल प्रदेश कार्यसमितिलाई दिनेछ । प्रदेश कार्यसमितिले सोको जानकारी केन्द्रलाई दिनेछ ।



CamScanner

३) वडा कार्यसम्पादन समिति

क) वडा कार्यसम्पादन समितिका पदाधिकारी ।

ख) वडा कार्यसमितिका सदस्यमध्ये अध्यक्षले मनोनित गरेका तीन जना सदस्य ।

ग) वडा कार्यसमितिको प्रवक्ता पदेन सदस्य ।

घ) वडा कार्यसम्पादन समितिको बैठक आवश्यकतानुसार वस्नेछ ।

४) वडा कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :

क) वडा कार्यसमितिको बैठक तत्काल वस्न सम्भव नभएमा कार्यसम्पादन समितिको बैठक वसी लगत्तै वस्ने वडा कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी आवश्यक निर्णय गर्ने ।

ख) वडाभित्रका महासंघ आवद्ध संघको कार्यको समिक्षा गर्ने ।

ग) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**३४. अनुशासन समितिको गठन :**

महासंघको आचारसंहिता पालन गराउन, अनुशासन कायम राख्न केन्द्रीय समितिले समितिका सदस्यहरुमध्येबाट १ संयोजक र बढीमा ४ जना सदस्य सम्म रहने गरी अनुशासन समिति गठन गर्नेछन ।

**३५. अनुशासन समितिको काम, कर्तव्य र अधिकार :**

(१) महासंघको उद्देश्य, नीति र आचारसहिता विरुद्ध अथवा विधानको उल्लंघन भयो भनी महासंघको पदाधिकारी र सदस्यहरु विरुद्ध सम्वन्धित निकायहरुबाट पर्न आउने उजुरी सुन्ने, छानविन गर्ने र निर्णय गर्ने ।

२) अनुशासन भंग गर्ने सदस्य र पदाधिकारीमाथि कारबाही गर्नु पूर्व कसुर हेरी सम्झाउने, चेतावनी दिने र आवश्यकता अनुसार निलम्बन गर्ने ।

३) कारवाही गर्दा सम्वन्धित व्यक्तिलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन । अनुशासन समितिले गरेको निर्णयमा चित्त नबुझेमा केन्द्रीय समितिमा पुनरावेदन दिन सक्नेछ । त्यसको साथसाथै समितिले आवश्यक निर्णय गर्नेछ ।

**३६. निर्वाचन सम्बन्धी व्यवस्था :**

१) "नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ" को सबै तहको निर्वाचन सम्पन्न गर्न सम्वन्धित तहको कार्यसमितिको निर्णयबाट महिलाको प्रतिनिधित्व समेत सुनिश्चित हुने गरी कम्तिमा ३ र बढीमा ५ सदस्यीय निर्वाचन समिति गठन हुनेछ । निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२) केन्द्रीय निर्वाचन समितिले तयार गरेको र केन्द्रीय कार्यसमितिले स्वीकृत गरेको निर्वाचन निर्देशिका बमोजिम महासंघका सबै तहका कार्यसमितिको यसै विधान बमोजिमको पदको निर्वाचन सम्पन्न हुनेछ ।

**३७. विभागहरुको गठन :**

१) महासंघको केन्द्रीय कार्यसमिति अन्तर्गत देहाय बमोजिमका ४ वटा विभागहरु रहनेछन ।



CamScanner

क) संगठन तथा प्रशिक्षण विभाग ।
ख) प्रचारप्रसार तथा प्रकाशन विभाग
ग) महिला तथा युवा बिभाग ।
घ) बिद्यार्थी बिभाग ।

बिभागहरुको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२) केन्द्रीय कार्यसमितिको सदस्य विभागको प्रमुख हुनेछ । महासंघको सदस्यता प्राप्त व्यक्ति विभागको सदस्य हुन सक्नेछ ।

३) केन्द्रीय विभागमा प्रमुख सहित वढीमा तेइस सदस्य रहनेछन् ।

३८. राजिनामा, पदरिक्त र पदपूर्ति :

१) राजीनामा:

महासंघको कुनै पनि तहको अध्यक्षले सम्बन्धित तहको कार्यसमितिको उपाध्यक्ष मार्फत कार्यसमितिमा र अन्य पदाधिकारी वा सदस्यहरुले सम्बन्धित तहको अध्यक्ष समक्ष र ाजीनामा पेश गर्न सक्नेछन् । त्यसको बोधार्थ पार्टीको सम्बन्धित कार्य समितिमा समेत पे श गर्नु पर्नेछ । यसरी पेश हुन आएको राजीनामा बैठकमा जानकारी गराई सम्बन्धित तहको अध्यक्षले स्वीकृत हुनेछ ।

२) पदरिक्त:

कुनै पनि तहका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको कुनै कारणले पद रिक्त भएमा उक्त पद अर्को निर्वाचन नभएसम्मका लागि रिक्त रहनेछ ।

३) पदपुर्ति :

क) अध्यक्षको पद रिक्त भएमा अध्यक्ष पछिको मर्यादाक्रममा रहेको सम्बन्धित तहको कार्यसमितिको उपाध्यक्ष कार्यवाहक अध्यक्ष भई कार्य गर्नेछ ।
ख) कुनै पनि कार्यसमितिको सदस्यको पद रिक्त हुन आएमा विधान बमोजिम पदपूर्ति गर्न सकिनेछ ।

३९. प्रवक्ता तोक्न सक्ने

सबै तहका कार्यसमितिका अध्यक्षले सम्बन्धित कार्यसमितिको पदाधिकारी वा सदस्यमध्ये बाट एक जना प्रवक्ता तोक्न सक्नेछ ।

४०. पदावधी

महासंघका सबै तहका कार्यसमिति र अधिवेशन/महाधिवेशन प्रतिनिधिहरुको कार्यकाल पार्टी विधान र नियमावली बमोजिम तीन वर्षको हुनेछ । प्रत्येक तीन वर्षमा महासंघको के न्द्रीय महाधिवेशन हुनेछ ।

४१. आवद्ध संघ सम्बन्धी व्यवस्था

१) महासंघमा आवद्ध हुन चाहने अनुसूची-१ मा उल्लेखित आदिवासी जनजातीको संगठित



CamScanner

संघले तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

२) महासंघ आवद्ध संघको काम, कारवाही र गतिविधि पार्टी हित विपरित र महासंघको विधान र उद्देश्य विपरित रहेको पाइएमा महासंघले आवद्ध संघको मान्यता रद्ध गर्ने गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

३) महासंघबाट पार्टीमा प्रतिनिधित्व हुने अथवा अन्य निकायमा हुने सहभागिता सम्बन्धमा महासंघको केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

४) आवद्ध जातिय संघको विधान महासंघले यसै विधान अन्तर्गत रही स्वीकृत गरेपश्चात लागू हुनेछ ।

५) आवद्ध संघ सम्बन्धी अन्य व्यवस्था यसै विधानको व्यवस्थालाई अनुशरण गरी तोकिए बमोजिम हुनेछ ।

**४२. पार्टीको विधान, नियमावली र पार्टी केन्द्रीय कार्यसमितिको निर्णय र निर्देशनसंग बाभिने गरी महासंघको विधान र आवद्ध संघको विधानमा कुनै प्रावधान रहने छैन । रहेको पाइएमा स्वत: निश्प्रभावी रहनेछ ।**

**४३. महासंघको कोष :**

महासंघको आफ्नो एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहाय बमोजिमको प्राप्त रकम हुनेछ ।

क) सदस्यता वापत प्राप्त शुल्क ।

ख) आर्थिक सहायता, विभिन्न प्रकासित पुस्तक, पत्र-पत्रिका एवं कार्यक्रमवाट प्राप्त रकम ।

ग) कसैले स्वच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

घ) महासंघको चल, अचल सम्पतिको बिक्रीवाट प्राप्त रकम ।

ङ) सदस्यता शुल्क वापत प्राप्त रकमको बाँडफाँड तोकिए बमोजिम हुनेछ ।

**४४. संक्रमणकालिन व्यवस्था**

१) महासंघ स्थापना पश्चात गठित महासंघका सबै तहका तदर्थ कार्यसमितिले निर्वाचित कार्यसमितिले गर्ने सबै कार्य गर्न सक्नेछ ।

२) केन्द्र मातहतका तदर्थ कार्यसमितिको गठन यसै विधानमा उल्लेख गरिए बमोजिम हुनेछ ।

३) महासंघको स्थापना पश्चात भए गरेका सबै कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

**४५. नियमावली वनाउन सक्ने**

१) केन्द्रीय कार्यसमितिले यसै विधानको व्यवस्था अन्तर्गत रही नियमावली बनाई लागू गर्न सक्नेछ ।

२) नियमावलीको कुनै प्रावधान विधानसंग बाभिने छैन । वाभिएमा स्वतः निश्प्रभावी हुनेछ ।

**४६. गणपूरक संख्या :**

यस विधानमा उल्लेखित कुनै अधिवेशन, महाधिवेशन वा वैठकका लागि ५१ प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ ।

**४७. विधान संशोधन :**

यस विधानमा संशोधन गर्नु पर्ने भएमा संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले तयार गरी महासंघको केन्द्रीय महाधिवेशनबाट दुई तिहाई बहुमतले पारित भएपछि संशोधित विधान स्वीकृतीका लागि पार्टी केन्द्रमा पेश गरिनेछ ।

**४८. बाधा अड्काउ फुकाउ अर्थात ब्याख्या गर्ने अधिकार :**

यो विधान लागू गर्न कुनै वाधा अड्काउन परेमा त्यस्तो बाधा अड्काउ फुकाउने एवं ब्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । त्यसको जानकारी र स्वीकृतीका लागि पार्टी केन्द्रमा पेश गरिनेछ ।

**४९. महासंघको झण्डा र छाप :**

चौडाई दुई फिट, लम्बाई तीन फिट आयतकारकौ माथिल्लो र तल्लो पूरै भागमा सिम्रिक रँगको रातो र बीच भागमा पूरै सेतो रङ्गको पृष्ठभूमिको बीच भागमा पाँचकुने चार ताराको बीचमा धुनकाँड चित्रण गरिएको महासंघको झण्डा हुनेछ ।

**५०. महासंघको छाप :**

गोलाकार वृतभित्र महासंघको झण्डा वरिपरि किनारमा नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ र सम्बन्धित कार्य समिति र स्थान लेखिएको छाप हुनेछ ।

**५१. शपथ ग्रहण :**

महासंघको सबै तहका कार्यसमितिका निर्वाचित/मनोनित पदाधिकारी र सदस्य तथा केन्द्रीय महाधिवेशन/अधिवेशनका प्रतिनिधिले देहाय बमोजिमको सपथ ग्रहण गर्नु पर्नेछ ।

राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति प्रतिवद्ध म (.............................) नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको ............कार्यसमितिको..................पदमा निर्विरोध/वहुमतले निर्वाचित/मनोनित भएकोमा यो शपथ लिन्छु कि यस नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको विधान २०७९, बमोजिम तोकिएको कार्य पूरा गर्न सधैं इमान्दार, सक्रिय रही विधानमा उल्लेखित उद्देश्य प्राप्तिको लागि निरन्तर तत्पर रहनेछु भनि यो शपथ ग्रहण गर्दछु ।

नाम, थर ............................, पद .............., ................ कार्यसमिति,
...............हस्ताक्षर ................ मिति



CamScanner

अनूसूची - १

नेपालका आदिवासी जनजातिहरु

| | | |
|---|---|---|
| १. किसान | २१. थुदाम | ४१. मेचे |
| २. कुमाल | २२. दनुवार | ४२. याक्खा |
| ३. कुसुण्डा | २३ दराई | ४३. राई |
| ४. कुसवाडिया | २४. दुरा | ४४. राउटे |
| ५. गनगाँई | २५. धानुक | ४५. राजवंशी |
| ६. गुरुङ | २६. धिमाल | ४६. राजी |
| ७. चेपाङ | २७. नेवार | ४७. लार्के |
| ८. छन्त्याल | २८. पहरी | ४८. लिम्बु |
| ९. छैरातन | २९. फ्रि | ४९. लेप्चा |
| १०. जिरेल | ३०. बनकरिया | ५०. ल्होपा |
| ११. झाँगड | ३१. बरामो | ५१. ल्होपा |
| १२. डोल्पो | ३२. बाह्रगाउँले | ५२. वालुङ |
| १३. ताङ्वे | ३३. बोटे | ५३. शेर्पा |
| १४. ताजपुरिया | ३४. ब्यासी | ५४. सतार |
| १५. तामाङ | ३५. भुजेल | ५५. सियार |
| १६. तीनगाउँले (चन्तन, ठिन्तन, स्याङ्तन) | ३६. भोटे | ५६. सुनुवार |
| १७. तोप्केगोला | ३७. मगर | ५७. सुरेल |
| १८. थकाली | ३८. माझी | ५८. हायु |
| १९. थामी | ३९. मार्फाली | ५९. ह्याल्मो |
| २०. थारु | ४०. मुगाली | |

अनूसूची - २

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ (NEDFIN) आवद्ध संघहरु

१.



CamScanner

प्रकाशक

**नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ**

केन्द्रिय प्रचार तथा प्रकाशन विभाग

केन्द्रिय कार्यालय, भनिमण्डल, ललितपुर

फोन नं.: ०१-५४२४३४८

E-mail: nedfin2022@gmail.com

CamScanner